# स्थानीय-राजपत्र

भरतपुर महानगरपालिकाद्वारा प्रकाशित

खण्डः १ संख्याः १३ मितिः २०७८/०४/१८

## भाग-२

## कर्मचारी इन्धन सुविधा सम्बन्धी मापदण्ड, २०७८

भरतपुर महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन

बागमती प्रदेश, नेपाल

प्रमुख

भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय भरतपुर, चितवन, नेपाल २०७३

# कर्मचारीको इन्धन सुविधा सम्बन्धी मापदण्ड, २०७८

नगर कार्यपालिका बैठकको निर्णय मिति: २०७८/०४/१८

**पृष्ठभूमिः**

प्रशासनिक खर्चमा मितव्यिताको साथै कर्माचारीको मनोबल उच्च राखी सरल, सहज र उत्कृष्ट सेवा प्रवाहलाई समेत टेवा पुग्ने गरी इन्धन सुविधा सम्बन्धी मापदण्ड बनाउनु पर्ने आवश्यकता देखिएकोले यो मापदण्ड जारी गरिएको छ।

## परिच्छेद-१
## संक्षिप्त नाम र प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भः-

क. यो मापदण्डको नाम कर्मचारीको इन्धन सुविधा सम्बन्धी मापदण्ड, २०७८ रहेको छ ।

ख. यो मापदण्ड स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

२. परिभाषा र व्याख्याः-

क. "कर्मचारी" भन्नाले भरतपुर महानगरपालिकाको कार्यालयमा कार्यरत प्राविधिक र अप्राविधिक दुवै प्रकृतिका कर्मचारीलाई जनाउँछ ।

ख. "कार्यालय" भन्नाले भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्छ ।

ग. "स्वकीय सचिवालय" भन्नाले नगर प्रमुख र नगर उपप्रमुखको सचिवालयलाई जनाउँछ ।

## परिच्छेद-२
## ईन्धन सुविधा सम्बन्धी व्यवस्था

३. ईन्धन सुविधाः

क. सरकारी तथा निजी सवारी साधन प्रयोग गरी नियमित रुपमा कार्यालयमा आउने प्राविधिक तथा अप्राविधिक कर्मचारीलाई अनुसुची १ बमोजिमको इन्धन सुविधा उपलब्ध हुनेछ ।

ख. निजी सवारी साधन प्रयोग गर्ने कर्मचारीहरुले इन्धन सुविधा लिन चाहेमा आफुले प्रयोग गरेको सवारी साधनको ब्लु बुकको छायाँप्रति र सवारी चालक अनुमतिपत्रको प्रतिलिपि अनिवार्य रुपमा कार्यालयमा पेश गर्नुपर्नेछ । ब्लुबुकको र सम्बन्धित कर्मचारीको नाममा रहेको सवारी चालक अनुमतिपत्रको छायाँप्रति पेश नगरेसम्म इन्धन वापतको सुविधा उपलब्ध गराइने छैन ।

ग. कार्यालयले इन्धन सुविधा वितरणको अभिलेख अद्यावधिक गरी राख्नुपर्नेछ ।

घ. स्वकीय सचिवालयका कर्मचारीहरुले निजको पद/स्तर अनुसार समान तह/श्रेणीको कर्मचारीले पाउने बराबरको इन्धन सुविधा प्राप्त गर्नेछन् ।

ङ. मापदण्ड भन्दा बढी इन्धन आवश्यक भएमा कार्यालयले कार्यालयको विनियोजित बजेटको सीमाभित्र रही आवश्यक पुष्ट्याईहरुका आधारमा अधिकार प्राप्त अधिकारीको स्वीकृतिमा मात्र उपलब्ध गराउन सक्नेछ ।

च. चारपाङ्ग्रे वा सो भन्दा ठूला सवारी साधन संचालनको लगबुक भरी तोकिएको अधिकारीले प्रमाणित गरेको हुनुपर्नेछ ।

छ. अनुसुची १ मा तोकिएको इन्धन सुविधा पाउने कर्मचारीलाई लगातार एक महिनाभन्दा बढी समय बिदामा बस्नुपरेमा सो अवधीको इन्धन सुविधा उपलब्ध गराइनेछैन ।

ज. तोकिएको कोटाको ईन्धन सुविधा प्रत्येक महिना बुझिलिनुपर्नेछ ।

झ. अतिथि शीर्षकमा इन्धन उपलब्ध गराउनुपर्ने भएमा अधिकार प्राप्त अधिकारीको स्वीकृतिमा मात्र उपलब्ध गराउनुपर्नेछ ।

ञ. इन्धन सम्बन्धी अभिलेख आन्तरिक व्यवस्थापन तथा खरिद शाखाले राख्नुपर्नेछ।

परिच्छेद-३

संशोधन र खारेजी

४. संशोधन र खारेजीः

क. आवश्यकतानुसार यस मापदण्डमा भएको व्यवस्था संशोधन गर्न सकिनेछ ।

ख. यस अघी मिति २०७६/०१/०८ मा यस महानगरपालिका नगर कार्यपालिका द्वारा जारी गरिएको फिल्डमा खटिने प्राविधिक कर्मचारीको इन्धन सुविधा सम्बन्धी मापदण्ड, २०७६ खारेज गरिएको छ ।

अनुसुची १

नियम ३ को उपनियम (क) संग सम्बन्धित

कर्मचारीको लागि मासिक इन्धन सुविधा

इन्धन (पेट्रोल/डिजेल/मोबिल)

| सि.नं | तह/पद | परिमाण(पेट्रोल) | परिमाण(डिजेल) | मोबिल |
|---|---|---|---|---|
| १ | अधिकृतस्तर नबौं/दशौं (कार्यालयको चार पाँग्रे सवारी साधन प्रयोग गर्नेको हकमा) | ३५ लि. | ४० लि. | कार्यालयको सवारी साधनको हकमा मात्र सवारी साधनको प्रकृति अनुसार |
| २ | अधिकृतस्तर नबौं/दशौं (मोटर साइकल/स्कुटर) | १५ लि. | | कार्यालयको सवारी साधनको हकमा मात्र प्रत्येक तीन महिनामा १ लि. |
| ३ | अधिकृतस्तर छैटौं/सातौं/आठौं (मोटर साइकल/स्कुटर) | १० लि. | - | कार्यालयको सवारी साधनको हकमा मात्र प्रत्येक तीन महिनामा १ लि. |
| ४ | वडासचिव सबै (मोटर साइकल/स्कुटर) | १० लि. | - | कार्यालयको सवारी साधनको हकमा मात्र |
| ५ | सहायकस्तर चौथो र पाचौं (मोटर साइकल/स्कुटर) | ७ लि. | - | कार्यालयको सवारी साधनको हकमा मात्र |
| ६ | सवारी चालक/कार्यालय सहयोगी तथा अन्य (मोटर साइकल/स्कुटर) | ५ लि. | - | कार्यालयको सवारी साधनको हकमा मात्र |

आज्ञाले

**भोजराज खतिवडा**

प्रमुख प्रशासकीय अधिकृत